प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# शिक्षा विकास निर्देशनालय
## प्रदेश नं. ३, मकवानपुर, हेटौडा

## विद्यालयमा शुद्ध पिउने पानी स्वच्छ विद्यालय कार्यक्रम सम्बन्धी सम्झौता पत्र

प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, प्रदेश नं. ३, मकवानपुर (जसलाई यस पछि प्रथम पक्ष भनिने छ) र श्री .............. ............ ........... ............... ............... ...................... ......... वार्ड नं. .......... (जसलाई यस पछि दोश्रो पक्ष भनिनेछ) बीच आ.ब. २०७५/०७६ को विद्यालयमा शुद्ध पिउने पानी स्वच्छ विद्यालय कार्यक्रम अन्तरगत तपसिलका शर्तहरु पालना गर्ने गरी गरिएको सम्झौता–पत्र । यो सम्झौताको अवधि कार्यक्रम तथा नीतिगत रुपमा हेरफेर नभएमा आ.व. २०७५/७६ सम्म कायम रहनेछ ।

प्रथम पक्ष ( शिक्षा विकास निर्देशनालय, प्रदेश नं. ३, मकवानपुर ) ले पालना गर्नुपर्ने शर्तहरु :

१. विद्यालयमा शुद्ध पिउने पानी स्वच्छ विद्यालय कार्यक्रम अन्तर्गत विनियोजित रकम रु. १०,००,०००।- (दश लाख ) सम्बन्धित विद्यालयलाई निकासा दिनुपर्नेछ ।
२. विद्यालयमा शुद्ध पिउने पानी स्वच्छ विद्यालय सम्बन्धी कार्य गर्न विनियोजित रकमको ३० प्रतिशत रकम सम्झौता भए पछि पहिलो किस्तामा, कामको प्रगतिको आधारमा प्राविधिकको सिफारिस अनुसार ४० प्रतिशत रकमसम्म दोस्रो किस्तामा र बाँकी ३० प्रतिशत रकम कार्य सम्पन्न भएपछि तेस्रो किस्तामा निकासा दिने। खरिद सम्बन्धी कार्य भएमा ५० प्रतिशत रकम सम्झौता भए पछि र बाँकी ५० प्रतिशत रकम कार्य सम्पन्न भएपछि दोस्रो किस्तामा निकासा दिइनेछ ।
३. प्रथम किस्ता निकासा भएको मितिले ७ (सात) दिन भित्र कार्य प्रारम्भ नभएमा सम्झौता रद्द गरी निकासा भएको रकम फिर्ता /असुल उपर गर्न सकिनेछ ।
४. विद्यालयमा शुद्ध पिउने पानी स्वच्छ विद्यालय कार्यक्रम सम्बन्धी निर्माण कार्य भएमा प्रचलित नेपाल राष्ट्रिय भवन संहिताको मापदण्ड बमोजिम स्वीकृत डिजाइन/ड्रइग/स्पेसिफिकेशन अनुसार तोकिएको समयमा सम्पन्न गर्न गराउन तथा खरिद कार्य प्रचलित ऐन, नियम बमोजिम गर्न गराउन आवश्यक समन्वय, सहयोग र अनुगमन गर्ने ।
५. तोकिएको समयमा निर्माण वा खरिद सम्बन्धी कार्य सम्पन्न नगरे वा अधुरो रहेमा प्रथम पक्षले प्रचलित नियम कानुन अनुसार दोश्रो पक्षलाई कार्य सम्पन्न गर्न गराउन सचेत गर्नुका साथै आवश्यक कानूनी प्रकृया अगाडि बढाउने र रकम असुल उपर समेत गर्न सकिनेछ ।

दोश्रो पक्ष (विद्यालय) ले पालना गर्नुपर्ने शर्तहरुः

१. विद्यालयमा शुद्ध पिउने पानी स्वच्छ विद्यालय कार्यक्रम सम्बन्धी निर्माण कार्य प्रचलित नेपाल राष्ट्रिय भवन संहिताको मापदण्ड बमोजिम डिजाइन/ड्रइग/स्पेसिफिकेशन स्थानीय तहबाट स्वीकृत गराई सो अनुसार तोकिएको समयमा सम्पन्न गर्न गराउन पर्नेछ ।
२. विद्यालयमा शुद्ध पिउने पानी स्वच्छ विद्यालय कार्यक्रम सम्बन्धी प्राविधिक कार्य सम्बन्धित स्थानीय तह वा सरकारी निकायका प्रविधिक (इन्जिनियर / सवइन्जिनियर) बाट गराउनु पर्नेछ ।
३. विद्यालयमा शुद्ध पिउने पानी स्वच्छ विद्यालय कार्यक्रम सम्पन्न गर्ने क्रममा यस निर्देशनालयबाट निकासा हुने कूल रकम नपुग हुन आएमा सो नपुग रकम व्यवस्थापन गर्ने जिम्मेवारी (जनश्रमदान वा नगद लागत) स्वंयम् विद्यालयको हुनेछ ।
४. विद्यालयमा शुद्ध पिउने पानी स्वच्छ विद्यालय कार्यक्रम सम्बन्धी स्वीकृत नक्सा, ड्रइङ, डिजाइन र कार्ययोजना अनुसारका अन्य कार्यहरु कुनै हालतमा पनि विद्यालयको तर्फबाट परिवर्तन गर्न पाइने छैन ।
५. तोकिएको मापदण्ड विपरित वा खटिएका प्राबिधिकहरुको निर्देशन र प्राविधिक सुझाब विपरित निर्माण कार्य गरेमा प्रचलित नियमानुसार वीचैमा प्रथम पक्षले सम्झौता रद्ध समेत गर्न सक्नेछ ।
६. सामाजिक विकास मन्त्रालय, निर्देशनालय, सम्वन्धित स्थानीय तह र अन्य सरोकारवाला कार्यालयहरुबाट समेत अनुगमन/निरीक्षण हुनसक्ने हुँदा विद्यालयले सो कार्यको अभिलेख अध्यावधिक राख्ने र उपलब्ध गराउने ब्यवस्था मिलाउनु पर्नेछ।
६.क. कार्य सम्पन्न गरी पेश गर्दा संलग्न विवरण अनुसारका कागजातहरु पेश गर्नुपर्नेछ ।
७. विद्यालयमा शुद्ध पिउने पानी स्वच्छ विद्यालय कार्यक्रम सम्बन्धी कार्य सम्पन्न प्रतिवेदन, नापि किताव र प्रस्ताव बमोजिमका अन्य कार्यहरु सम्पन्न भएको ब्यहोरा उल्लेखित वि.ब्य.स.को निर्णय तथा आम्दानी खर्चका विवरण (बील भर्पाई) हरुको प्रतिलिपि सहितको प्रतिवेदन प्रथम पक्ष समक्ष अनिवार्य पेश गर्नुपर्नेछ ।
८. नेपाल सरकार तथा प्रदेश सरकारबाट जारी भएका सार्वजनिक निर्माण तथा खरिद सम्बन्धि प्रचलित ऐन नियम (सार्वजनिक खरीद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४) तथा कार्यविधि अनुसार गर्नु गराउनु पर्नेछ ।
९. कार्य सम्पन्न भईसकेपछि सो विद्यालय भवनको उपयोग तथा सोको रेखदेख र उचित संभार गर्ने कार्य समेत स्वत विद्यालयको नै हुनेछ ।